श्री

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९।०८० सालको निर्णय नं.२३४

पुनरावेदन नं. ०७६-RB-०१७६

**मुद्दाः- मूल्य अभिवृद्धि कर (२०६९/०७०) ।**

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. २, चौधरी हाउस, सानेपामा प्रधान कार्यालय रहेको सि.जि.सिमेन्ट ईण्डष्ट्रिज प्रा.लि. (स्थायी लेखा नं. ३०३४३०९९३) को तर्फबाट अख्तियार प्राप्त श्री टिका राज कार्की........१ } पुनरावेदक

**विरुद्ध**

श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट..............................................१ } प्रत्यर्थी

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर....................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक श्री शोभाकान्त पौडेल

शुरु निर्णय मिति : २०७२/१२/१९

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री बिनोद बहादुर कुँवर

निर्णय मितिः २०७६/७/४

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :विद्वान वरिष्ठ अधिवक्ता श्री मेघराज पोखरेल

: विद्वान अधिवक्ता श्री टिकाराज कार्की

: विद्वान अधिवक्ता श्री रामहरी सापकोटा

प्रत्यर्थी कार्यालयका तर्फबाट :विद्वान सहायक-न्यायाधीवक्ता श्री विकास बन्जारा

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७६/७/४ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गका करदाता श्री सि.जि सिमेन्ट ईण्डष्ट्रिज प्रा. लि. को आ.व. २०६९।०७० को कर परिक्षणको क्रममा पेश हुन आएका बिल, बिजक, खाता, बहि आदिको परीक्षण गरी सो समयमा देखिएको कैफियत बिषयहरूमा जांचवुझ तथा छानबिन गरी मिति २०७२।११।३० मा पेश भएको कर परिक्षण प्रतिवेदनको आधारमा कर निर्धारण गरिएको आधार र कारण खुलाई मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २९(१) वमोजिम कर र जरिवाना समेत जम्मा रू. २४,३१,९३५।- प्रारम्भिक कर निर्धारण गर्ने गरी मिति २०७२।११।३० मा ठूला करदाता कार्यालय, ललितपुरबाट भएको प्रारम्भिक कर निर्धारण आदेश।

२. करदाताको हकमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७२।११।३० मा सूचना जारी गरिएको प्रारम्भिक कर निर्धारणको आदेश करदाताले मिति २०७२।१२।०१ मा बुझि लिई सो को लिखित जवाफ म्याद भित्रै मिति २०७२।१२।१४ मा पेश गरेको।

३. करदाता सि.जी. सिमेन्ट ईण्डष्ट्रिज प्रा.लि.ले प्रस्तुत आ.व. २०६९।०७० मा ह्रासयोग्य सम्पत्ति अन्तर्गत **CWIP building** तथा **CWIP Project Overhead** अन्तर्गत जम्मा रू.१७,४१,२१,५८५।५७ बराबरको सम्पत्ति भवनतर्फको **WIP** राखेकोमा जम्मा रू.१३,११,०३,०७९।५६ मात्र मूल्य अभिवृद्धि करमा दर्ता रहेका आपूर्तिकर्तासंग खरिद गरेको करयोग्य खरिद भएको र बाकी रू.४,३०,१८,५०६।०१ मा परामर्श तथा बित्तिय खर्च जम्मा रु.२,८०,५२,७५२।०३ बाहेकको रू.१,४९,६५,७५३।९८ बराबरको खर्च तथा भुक्तानी गैर कर बिजकबाट भएको देखिएको साथै करदाताले उक्त कर बिजक बाहेकको रकममा मू.अ.कर ऐन, २०५२ को दफा ८(३) र मू.अ.कर नियमावली, २०५३ को नियम ६ख. बमोजिम स्वयंकर निर्धारण गरी पेश गर्नुपर्नेमा सो गरेको नपाइएकोले प्रस्तुत करदाताको हकमा मु.अ.कर ऐन, २०५२ को दफा २०(२) को (क) र (ख) बमोजिमको आधारबाट सोही ऐनको दफा २०(१) बमोजिम प्रारम्भिक कर निर्धारण व्यहोरामा उल्लेख भए अनुसारको रकममा लाग्ने १३ प्रतिशतले हुने रू.१९,४५,४५८।- कर निर्धारण गरी सोही ऐनको दफा २९ को उपदफा (१क) बमोजिम पच्चिस प्रतिशत जरिवाना रू.४,८६,३८७।- समेत जम्मा

रू.२४,३१,९३५।- को मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७२।१२।१९ मा भएको निर्णय ।

४. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७२।१२।१९ मा जारी भएको आ.व. २०६९/०७० को मुल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी करदाता सि.जि.सिमेन्ट ईण्डष्ट्रिज प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा मिति २०७३/२/२४ मा निवेदन पेश गरेको ।

५. मूल्य अभिवृद्धि कर ऐनमा भएको प्रावधान बमोजिम मूल्य अभिवृद्धि कर दाखिला नगरेको रू.१,४९,६५,७५३।९८ मा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) बमोजिम मूल्य अभिवृद्धि कर निर्धारण गर्नुपर्ने नै देखिएको अवस्थामा ठूला करदाता कार्यालय, ललितपुरबाट मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) र मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ख बमोजिमको व्यवस्था पालना गरेको नपाईएको भन्ने आधार लिई सोही ऐनको दफा २०(१)(घ) बमोजिम १३ प्रतिशतले हुने कर, दफा २९(१क) बमोजिमको जरिवाना, दफा १९ र २६ बमोजिमको थप दस्तूर तथा व्याज समेत गणना गर्नुपर्ने भनी भएको अन्तिम कर निर्धारण आदेश कानून सम्मत भएकोले निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०७।०४ मा भएको निर्णय।

६. प्रस्तुत विवादसँग सम्बन्धित कानूनी व्यवस्थालाई हेर्दा, मु.अ.कर ऐन, २०५२ को दफा ८(३) अनुसार "व्यावसायिक प्रयोजनको लागि निर्माण गरिने पचास लाख रुपैयाँ भन्दा बढीको भवन वा अपार्टमेन्ट वा सपिङ कम्प्लेक्स र विभागले तोकेका यस्तै प्रकारका अन्य संरचना दर्ता नभएको व्यक्तिबाट निर्माण गराएको भए पनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराए सरह मानी कर दाखिला गर्नु पर्नेछ । त्यसरी दाखिला नगरेमा सो संरचनाको स्वामित्व रहेका व्यक्तिबाट कर निर्धारण गरी असुल उपर गरिनेछ।" भनि प्रष्ट उल्लेख भएको देखिन्छ। उल्लिखित ऐनको व्यवस्था भनेको पचास लाख रुपैया भन्दा बढीको भवन वा अपार्टमेन्ट वा सपिङ कम्प्लेक्स यस्तै प्रकारका अन्य संरचना निर्माण भएको अवस्थामा मात्र लागु हुने हो। यो ब्यवस्था भनेको उपर्युक्त संरचना निर्माण गर्दा ठेक्कामा अरु व्यक्तिबाट निर्माण गराइएमा वा पचास लाख भन्दा बढीको लागतमा निर्माण कार्य गरेमा मात्र लागु हुने हो, किनभने यहां "दर्ता नभएको व्यक्तिबाट निर्माण गराएको भए तापनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराए सरह मानी" भन्नुको अर्थ यो हो कि सो निर्माण कार्य दर्ता भएको वा नभएको व्यक्तिबाट गराइएको अवस्थामा मात्र उक्त व्यवस्था लागू हुने

हो। आफैले निर्माण सामग्री खरीद गरी, आफ्नै पेरोलमा मजदुरहरु नियुक्त गरी, आफ्नै भौतिक एवं प्राविधिकबाट कुनै संरचना निर्माण भएको अवस्थामा यो प्रावधान प्रभावी हुदैन। साथै ठेक्काको रकम पचास लाख रुपैयाँ अथवा सो भन्दा कम भएमा पनि उक्त व्यवस्था आकर्षित नहुने अवस्थामा प्रत्यर्थी कार्यालयहरुबाट सो को प्रतिकुल हुने गरी करदाता उपर कर र जरिवाना समेत लगाई भएको फैसला उल्लिखित बिद्यमान कानूनी ब्यवस्थाको विपरित रहेको प्रस्ट देखिन्छ किन कि यस कम्पनीले कसैलाई ठेक्कामा दिएर उक्त कार्य गराएको होईन। कम्पनीले आफैले निर्माण सामग्रीहरु खरिद गरी उल्लिखित निर्माण कार्य आफैले गरेको हो। यसर्थ उल्लिखित ब्यवस्थाको विपरित यस कम्पनी उपर कर एवं जरिवाना लगाई भएको बिपक्षीको उक्त निर्णय बदर हुनु पर्दछ भन्ने समेत व्यहोराको करदाताको तर्फबाट यस न्यायाधिकरण समक्ष मिति २०७६।११।१९ मा दर्ता भएको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई पुनरावेदक करदाताले ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट भएको मू.अ.कर निर्धारणको निर्णय उपर प्रशासकीय पुनरावलोकनका निमित्त आन्तरिक राजस्व विभाग समक्ष पेश गरेको निवेदनका सम्बन्धमा ऐ.विभागबाट मिति २०७६।०७।०४ मा भएको निर्णय सहितको सक्कल मिसिल समेत झिकाई नियमानुसार पेश गर्नू भन्ने यस न्यायाधिकरणबाट मिति २०७७/०८/२६ मा भएको आदेश।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, प्रत्यर्थी ठूला करदाता कार्यालयबाट प्राप्त हुन आएको शुरु मिसिल लगायतका अन्य कागजातहरु समेत अध्ययन गरी पुनरावेदक करदाता सि.जी. सिमेन्ट ईण्डष्ट्रिज प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ता श्री मेघराज पोखरेल तथा विद्वान अधिवक्ताद्वय श्री टिकाराज कार्की र श्री रामहरी सापकोटाले मू.अ.कर ऐन, २०५८ को दफा ८(३) आफैमा स्पष्ट नभएको, करदाता आफैले निर्माण सामग्री खरीद गरी, आफ्नै पेरोलमा मजदुरहरु नियुक्त गरी, आफ्नै भौतिक एवं प्राविधिकबाट संरचना निर्माण गराएको अवस्थामा सो तर्फ विवेचना नगरी प्रत्यर्थी कार्यालयहरुबाट मूल्य अभिवृद्धि कर ऐन, २०५२ को मर्म र भावना विपरित हुने गरी करदाताबाट पेश भएको प्रमाणहरुको उचित मूल्यांकन र विवेचना नगरी केवल करदातालाई करको दायित्व थोपर्ने गरी व्याज, जरिवाना तथा शुल्क समेत कायम गराई करदाताको मागदावी विपरित मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) वमोजिम भवन तथा अन्य भौतिक

संरचना निर्माण गर्दा ठेक्कामा अरु व्यक्तिबाट निर्माण गराईएमा मात्र लागू हुने अवस्था विचारै नगरी मूल्य अभिवृद्धि कर लाग्ने गरी भएको आदेश तथा निर्णय त्रूटिपूर्ण रहेको हुँदा बदर गरी पुनरावेदन मागदावी बमोजिम गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकीलको कार्यालय, काठमाडौंका विद्वान सहायक-न्यायाधिवक्ता श्री विकास बन्जाराले करदाताको हकमा मूल्य अभिवृद्धि कर निर्धारण गर्नेगरी ठूला करदाता कार्यालयबाट भएको निर्णय तथा सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत विधिसम्मत रहेको हुँदा उक्त निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

९. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फका विद्वानहरुबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश तथा सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने देखियो।

१०. निर्णय तर्फ विचार गर्दा ठूला करदाता कार्यालयले करदाताको आ.व. २०६९।०७० को कर परीक्षण गरी करदाताले उक्त आ.व.मा ह्रासयोग्य सम्पत्ति अन्तर्गत CWIP Building तथा CWIP Project Overhead अन्तर्गत जम्मा रु.१७,४१,२१,५८५।५७ बरावरको सम्पत्ति भवन तर्फको WIP मा राखेको देखिएकोमा सो मध्ये मू.अ.करमा दर्ता रहेका आपूर्तीकर्तासँग खरिद गरेको करयोग्य खरिद र परामर्श तथा वित्तीय खर्च वाहेक रु.१,४९,६५,७५३।९८ बराबरको खर्च तथा भुक्तानी गैर कर बीजकबाट भएकोमा करदाताले उक्त कर बीजक बाहेकको रकममा मू.अ.कर ऐन, २०५२ को दफा ८(३) र मू.अ.कर नियमावली, २०५३ को नियम ६ख. बमोजिम स्वयंकर निर्धारण गरी पेश गर्नुपर्नेमा सो गरेको नपाईएकोले सोही ऐनको दफा २०(१)(घ) बमोजिम १३ प्रतिशतले हुने कर, दफा २९(१क) बमोजिमको जरिवाना, दफा १९ र २६ बमोजिमको थप दस्तुर तथा ब्याज समेत गणना गर्नु पर्ने भनी भएको अन्तिम कर निर्धारण आदेश मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) को मर्म र भावना विपरीत भएको हुँदा उक्त निर्णय बदर गरिनुपर्ने भन्ने सम्बन्धमा रहेको देखिन्छ।

११. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा व्यवसायिक प्रयोजनका लागि निर्माण गरिने ५० लाख रुपैया भन्दा बढिको भवन निर्माण गर्दा दर्ता नभएको व्यक्तिबाट निर्माण गराएमा त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराएको सरह मानी कर दाखिला गर्नुपर्ने कानूनी व्यवस्था भएको देखिन्छ। मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ख. मा "कुनै व्यक्तिले व्यावसायिक प्रयोजनको

लागि पचास लाख रूपैयाँ भन्दा वढी लागतको भवन, अपार्टमेन्ट, सपिङ्ग कम्प्लेक्स वा विभागले तोकिएको अन्य यस्तै प्रकारका संरचना निर्माण गर्दा दर्ता भएको व्यक्तिबाट मात्र गराउनु पर्नेछ" भन्ने कानूनी व्यवस्था रहेको समेत पाइयो। पुनरावेदक करदाताले प्रस्तुत आ.व.मा ह्रासयोग्य सम्पत्ति अन्तर्गत CWIP Building तथा CWIP Project Overhead अन्तर्गत जम्मा रु.१७,४१,२१,५८५।५७ बरावरको सम्पत्ति भवन तर्फको WIP मा राखेको देखिएकोमा भवन निर्माणको क्रममा पूँजीकृत गरिएको मध्ये रु.१,४९,६५,७५३।९८ को खर्च तथा भुक्तानी मूल्य अभिवृद्धि कर बिजक बिना भएको देखिन्छ। प्रस्तुत विवादका सम्बन्धमा करदाताले निर्माण भएको भवनका लागि आवश्यक पर्ने सामाग्री स्वामीत्वकर्ता आफैले खरिद गरेको, आफ्नै पेरोलमा मजदुरहरु नियुक्ति गरेको कारणबाट आफ्नै अमानतमा सो संरचना निर्माण भएको तथा संरचनाको निर्माण कार्य दर्ता भएको वा नभएको कसैलाई पनि नदिई करदाता आफैले निर्माण कार्य गरेको अवस्थामा मू.अ.कर ऐन, २०५२ को दफा ८(३) आकर्षित नहुने भन्ने जिकिर प्रस्तुत गरेको देखिन्छ। करदाताले संरचना निर्माण गर्दा खरिद गरेको केही वस्तु वा सेवाको भुक्तानी गैर बीजकबाट गराएको तथ्यलाई स्वीकार गरेको देखिन्छ। त्यस्तो निर्माण कार्य दर्ता नभएको व्यक्तिबाट गराएको पुष्टि भएपछि यसमा लाग्ने मूल्य अभिवृद्धि कर भवनको स्वामित्वकर्ता यी करदाताले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) बमोजिम बुझाउनु पर्ने नै देखिन आयो। आफैले निर्माण गर्दा मूल्य अभिवृद्धि कर बुझाउनु नपर्ने भन्ने पुनरावेदन जिकिर कानून सम्मत देखिएन।

१२. जहाँसम्म मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) बमोजिम बुझाउनु पर्ने कर रकममा सोही ऐनको दफा १९(२), दफा २६ र दफा २९(१क) बमोजिम जरिवाना, थप दस्तुर र ब्याज लगाउन मिल्दैन भनी करदाताले लिएको जिकीर छ, त्यस सम्बन्धमा हेर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(२) मा उपदफा (१) मा उल्लिखित म्याद भित्र बुझाउनुपर्ने कर नबुझाएमा थप दस्तुर लाग्ने, दफा २६ बमोजिम ब्याज लाग्ने र दफा २९ बमोजिमको कुनै कसूर गरेको भएमा जरिवाना लाग्ने कानूनी व्यवस्था रहेको पाईयो। यी करदातालाई प्रस्तुत मुद्दामा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ख. बमोजिमको कानूनी व्यवस्था पालना नगरेको देखिँदा सोही ऐनको दफा २०(१)(घ) बमोजिम १३ प्रतिशतले हुने कर तथा दफा १९(२), दफा २६ र दफा २९ बमोजिम थपदस्तुर, ब्याज र जरिवाना समेत निर्धारण गर्ने गरी गरी ठूला करदाता कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत मिलेकै देखिन आयो।

१३. अत माथि विवेचित आधार एवं कारण समेतबाट करदाता श्री सि.जी. सिमेन्ट इण्डष्ट्रिज प्रा.लि. (स्थायी लेखा नं.३०३४३०९९३) को आ.व. २०६९/०७० को मूल्य अभिवृद्धि कर तर्फ ठूला करदाता कार्यालयबाट अन्तिम कर निर्धारण गरी मिति २०७२।१२।१९ मा भएको आदेश तथा सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०७।०४ मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

<u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनु।
२. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनु।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
शाखा अधिकृतः प्रमोद रिजाल
कम्प्यूटर अपरेटरः चन्द्र बहादुर नेपाली
ईति सम्वत् २०७९ साल फागुन ३० गते रोज ३ शुभम् ------------------------------
फैसला प्रमाणिकरण मितिः-
प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप